प्रदेश सरकार
# पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

पत्र संख्या :
चलानी नं. :

"विश्व सिमसार दिवस २०८० को शुभकामना"

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु,

आज माघ १९ गते (२ फेब्रुअरी, २०२४) विश्व सिमसार दिवस "मानव कल्याणमा सिमसार" भन्ने नाराका साथ उत्साहपूर्वक रुपमा मनाउन गईरहेका छौं। समस्त मानव जाति लगायत जीवजन्तु र वनस्पतिको अस्तित्वको आधारको रुपमा रहेको सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र यसको बुद्धिमत्तापूर्ण उपयोगमा यस दिवसले उत्प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा लिएको छु ।

पृथ्वीको सवैभन्दा उर्वरशील पारिस्थितिकीय प्रणालीको रुपमा रहेको सिमसार क्षेत्रको महत्वलाई आत्मसात गर्दै विशेष गरी जलपंक्षीहरुको संरक्षण गर्ने, त्यसलाई नोक्सान हुनबाट जोगाउने र दीर्घकालीन रुपमा उपयोग गर्ने उद्देश्यले सन् १९७१ मा आजकै दिन इरानको रामसारमा सिमसार सम्बन्धी महासन्धी "Convention on Wetlands of International Importance Especially as Waterfowl Habitat, 1971" सम्पन्न भएको थियो। सन् १९८८ देखि नेपाल यस महासन्धीको पक्षराष्ट्र भएको छ । यो महासन्धी सम्पन्न भएको आजको दिनलाई यसको पक्षराष्ट्र वनेका देशहरु लगायत विभिन्न संघ संस्थाहरुले सिमसारको संरक्षण र दिगो विकासका लागि अन्तर्राष्ट्रिय पर्वको रुपमा विविध रचनात्मक कार्यक्रमहरु गरी सिमसार दिवस मनाउँदै आएका छन् ।

सिमसारको संरक्षणका लागि नेपालले यस प्रदेशका कोशी टप्पु, माईपोखरी, गोक्यो ताल समेत समावेश गरी नेपाल भरबाट १० वटा महत्वपूर्ण क्षेत्रहरुलाई (६०,५६१ हे.) रामसार सूचीमा समावेश गरेको छ । नेपालले नीतिगत रुपमा राष्ट्रिय सिमसार नीति २०६९, राष्ट्रिय वन नीति २०७५, सिमसार रणनीति तथा कार्ययोजना (२०१६ देखि २०२५) जस्ता सिमसार सम्बन्धी नीतिहरु कार्यान्वयनमा ल्याएको छ । देशभरीका सिमसारहरुले नेपालको कूल भूभागको ५ (पाँच) प्रतिशत क्षेत्र ओगटेको छ भने त्यसभित्र जम्मा ६२६ वटा राष्ट्रिय महत्वका सिमसारहरु रहेको तथ्य सार्वजनिक भएको छ ।

हाम्रो सन्दर्भमा जैविक विविधताको संरक्षण, जीविकोपार्जनको आधार, सिंचाईको मूलस्रोत, खाद्य, वनस्पति, औषधी, जलचर (माछा), जलवायू परिवर्तन अनुकूलन, विभिन्न रसायनहरुको निर्मलीकरण, हात्ती, गैडा र अर्ना लगायतका वन्यजन्तु एवं बसाईसरी आउने पाहुना जलपंक्षीहरुको बासस्थान संरक्षण लगायत, पर्यापर्यटकीय, धार्मिक तथा आध्यात्मिक तवरले सिमसारको महत्व अझ बढी छ । यस्तो महत्वपूर्ण क्षेत्रलाई मानवले आफ्नो हितको लागि अत्याधिक दोहन गर्दा यसको फैलावटमा संकुचन हुँदै गएको छ । त्यसैगरी मिचाहा प्रजातिको प्रकोप, जलवायू परिवर्तनको नकारात्मक प्रभाव, अव्यवस्थित विकास निर्माण, विषादी र रसायनहरुको प्रयोग, अव्यवस्थित फोहोर विसर्जन, सार्वजनिक विकासका नाममा अतिक्रमण, भू-क्षय आदिले हाम्रा सिमसारहरुको गुणस्तरमा समेत ह्रास हुँदै गइरहेको छ ।

प्रदेश सरकार मातहत यस मन्त्रालयको कार्यजिम्मेवारीमा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, संवर्द्धन, जैविक विविधताको संरक्षण लगायतका सिमसारजन्य स्रोतहरुको संरक्षणका कार्यहरु पर्दछन् । यिनै पर्यावरणीय, सांस्कृतिक एवं आर्थिक महत्व बोकेको सिमसार क्षेत्रको समुचित संरक्षण, व्यवस्थापन र दिगो उपयोगका लागि मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । मन्त्रालयले सिमसार संरक्षणका लागि बार्षिक रुपमा विभिन्न कार्यक्रमहरु संचालन समेत गर्ने गरेको छ ।

आजको यस दिवसले यस प्रदेशका सिमसारहरुको संरक्षणमा सचेतना जगाउन, अन्तर निकाय समन्वय गर्न, विभिन्न तहका सरकार र दातृ निकायहरुले सिमसार संरक्षणमा लगानी अभिवृद्धि गर्न, सरोकारवालाहरुको सहभागिता जुटाउन र बुद्धिमत्तापूर्वक दिगो उपयोग गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा लिएको छु । यस कार्यमा संलग्न सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद सहित प्रदेश सरकारको तर्फबाट शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद ।

२.१०.२।३४ [signature]

मिति:२०८०/१०/१९

गणेश प्रसाद उप्रेती
मन्त्री

फोन नं. ०२१-४६४०४५, इमेल : moitfepradesh1@gmail.com